# पाख्रीबास नगरपालिकाको  रासायनिक मल ढुवानी अनुदान सम्बन्धी कार्यविधि, २०८२

## पाख्रीबास नगरपालिका

पाख्रीबास धनकुटा ,

कोशी प्रदेशनेपाल ,

**रासायनिक मल ढुवानी अनुदान सम्बन्धी कार्यविधि ,२०८२**

**पाख्रीबास नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/२७**

मिति २०८२/०१/२७ गते पाख्रीबास नगर कार्यपालिकाबाट पारित भई प्रमाणिकरणको लागि पेश भएको पाख्रीबास नगरपालिकाको रासायनिक मल ढुवानी सम्बन्धी कार्यविधि२०८२ , प्रमाणित गर्दछु ।

**प्रमाणिकरण मितिः २०८२/०१/२७**

.............................................

नामः ज्ञान बहादुर गुरूङ

पदः नगर प्रमुख

पाख्रीबास नगरपालिका

नगरकार्यपालिका कार्यालय पाख्रीबास धनकुटा

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/२७

# पाखीवास नगरपालिकाको रासायनिक मल ढुवानी अनुदान  सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

पाखीवास नगरपालिकामा दर्ता भई संञ्चालनमा रहेको सहकारी संस्थाहरु द्धारा यस नगरपालिका भित्रका कृषकहरुलाई  कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गरी देशको आर्थिक समृद्धिमा टेवा पुर्याउन तथा खाद्य सुरक्षा बढाउन कृषकको लागत सहभागिताको आधारमा संघ, प्रदेश र स्थानीय तहगत सरकारको संरचना अनुसार अनुदानको मल आपूर्ति तथा बिक्री वितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी वनाउन रासायनिक मल ढुवानी व्यवस्थापन गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "पाखीवास नगरपालिकाको रासायनिक मल ढुवानी अनुदान सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

ख) यो कार्यविधि पाखीवास नगरपालिका क्षेत्र भित्र सञ्चालित (सूचीकृत) कृषि सहकारी संस्था लिमिटेडहरुको हकमा मात्र लागू हुनेछ ।

ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**(क) "ऐन"** भन्नाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

**(ख) "कार्यविधि"** भन्नाले पाखीवास नगरपालिकाको रासायनिक मल ढुवानी अनुदान सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्छ ।

**(ग) "रासायनिक मल "** भन्नाले वैज्ञानिक विधिद्धारा वाली विरुवालाई आवश्यक पौष्टिक तत्व प्रदान गर्ने रसायनहरुको समिश्रण गरि तयार गरिएको मललाई बुझिन्छ ।

**(घ) "नगरपालिका"** भन्नाले पाखीवास नगरपालिकालाई सम्झनु पर्दछ ।

**(ङ) "नगर सभा"** भन्नाले पाखीवास नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

**(च) "नगर कार्यपालिका "** भन्नाले पाखीवास नगरपालिकाको नगर कार्यपालिका लाई सम्झनु पर्छ ।

**(छ) "प्रमुख"** भन्नाले पाखीवास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**(ज)** "**उप प्रमुख**" भन्नाले पाखीबास नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

**(झ) "विक्रेता"** भन्नाले पाखीवास नगरपालिका भित्र संञ्चालित मल वितरक कम्पनीबाट मल विक्री वितरण गर्न अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिमको मल विक्रेता प्रमाण पत्र प्राप्त सहकारी संस्थालाई सम्झनु पर्दछ ।

**(ञ) "स्थानीय समिति"** भन्नाले दफा १० बमोजिमको स्थानीय तह मल वितरण व्यवस्थापन समिति सम्झनु पर्दछ ।

**(ट) "सहकारी संस्था"** भन्नाले पाखीबास नगरपालिका सहकारी ऐन, २०७५ बमोजिम दर्ता भएको सहकारी संस्था सम्झनु पर्दछ ।

**(ठ) "रासायनिक मल ढुवानी अनुदान"** भन्नाले यस नगरपालिकामा दर्ता भई रासायनिक मल विक्री वितरण गर्न मल वितरक कम्पनीबाट कृषि सहकारी संस्थाहरुले खरिद गरी ल्याईएको रासायनिक मलमा दिईने ढुवानी खर्च रकमलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## अनुदानको उद्देश्य

### ३. अनुदानको उद्देश्य

(क) कृषि सहकारी संस्थाहरुलाई अनुदानको रासायनिक मलको ढुवानी अनुदान दिन ।

(ख) रासायनिक मल विक्रेताबाट गरिने सेवालाई प्रभावकारी, जनमुखी तथा भरपर्दो तुल्याउन ।

(ग) यस पाखीवास नगरपालिका भित्रका रासायनिक मल वितरक कृषि सहकारी संस्थाहरु मार्फत रासायनिक मल ढुवानी कार्यक्रम संञ्चालन गर्न ।

## परिच्छेद- ३
## अनुदान दिन सकिने क्षेत्रहरु

### ४. अनुदान दिन सकिने क्षेत्रहरुः

(१) यस पाखीवास नगरपालिका भित्र रहेका कृषि सहकारी संस्थाहरुलाई रासायनिक मल ढुवानी अनुदान शीर्षकमा प्रदान गरिएको रकम अनुदानको रासायनिक मल ढुवानी शीर्षकमा खर्च गर्न सकिनेछ ।

(२) अनुदानको रासायनिक मलको लागि गोदामघरको व्यवस्थापन गर्न सकिनेछ।

(३) रासायनिक मल सम्बन्धी संघीय सरकारको “अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७” बमोजिम ढुवानी र लोडअनलोडमा खर्च गर्न सकिनेछ ।

## परिच्छेद- ४
## <u>अनुदान तथा सहायता रकम निकासा तथा कार्यन्वयन प्रकृया</u>

**५. <u>अनुदान तथा सहायता रकम निकासा तथा कार्यन्वयन प्रक्रियाः</u>**

(क) यस कार्यविधि बमोजिम उपलब्ध गराउने रकम नगर कार्यपालिका तथा नगर सभाबाट निर्णय भए बमोजिम हुनेछ ।

(ख) ढुवानी रकम एक वा बढी किस्तामा सम्बन्धित कृषि सहकारी संस्थाको खातामा निकासा दिन सकिनेछ ।

(ग) ढुवानी रकम मागको लागी कार्यक्रम संञ्चालन गरी सम्पन्न गरेपश्चात आवेदनको आधारमा मात्र भुक्तानी गरिनेछ । एउटा आ.व.को ढुवानी अनुदानको रकम अर्को आ.व.मा भुक्तानी गरिनेछैन।

(घ) ढुवानी अनुदान उपलब्ध गराउँदा वितरक कम्पनीबाट सम्बन्धित कृषि सहकारी संस्थाको वितरक कार्यालय सम्मको मात्र ढुवानी अनुदान दिईनेछ ।

(ङ) पाख्रीवास नगरपालिकाको स्वीकृत वार्षिक बजेटको सिमा भित्र रही कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गरिनेछ ।

(च) अनुदानको मल ढुवानी गर्दा नगरपालिकाको ढुवानी साधन (ट्र्याक्टर, ट्रिपर) समेत नियमानुसार प्रयोग गर्न सक्नेछ ।

(छ) अनुदानको रासायनिक मलको ढुवानीको लागि ढुवानी अनुदान बापतको रकम रासायनिक मल सम्बन्धी संघीय सरकारको "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७" बमोजिम ढुवानी र लोड अनलोडको भुक्तानी दिइनेछ ।

(ज) अनुदानको रासायनिक मल राख्नको लागि नगरपालिकामा एक गोदामघरको व्यवस्थापन गरिनेछ । सो गोदामघरको भाडा उपयोग गरेबापत मात्र प्रचलित कानून बमोजिम भुक्तानी गरिनेछ । अनुदानको रासायनिक मल गोदाममा राख्ने/नराख्ने विषय स्वंयम कृषि सहकारी संस्थाको हुनेछ ।

(झ) पाख्रीवास नगरपालिका भित्र रहेका कृषि सहकारी संस्थाहरुले ढुवानी अनुदान रकम आवेदन गर्नका लागी तपसिलका आवश्यक कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

<u>तपसिलः</u>

- सञ्चालक समितिको निर्णय प्रतिलिपी
- कृषि सहकारी संस्था दर्ता प्रमाण पत्र प्रतिलिपी
- कर चुक्ता प्रमाण पत्र प्रतिलिपी
- डिलरसिप दर्ता प्रमाण पत्र प्रतिलिपी
- रासायनिक मल खरिद तथा विक्री वितरण बिल भरपाई
- सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
- ढुवानी गर्दा गाडीको ब्लु बुक, लाईसेन्स तथा रकम बुझिलिएको भरपाई ।

(ञ) यस उपदफामा अन्यत्र जुनसुकै कुरा लेखिएतापनि उपदफा (च) बमोजिम नगरपालिकाको सवारी साधन (ट्रिपर, ट्र्याक्टर) अनुदानको रासायनिक मलको ढुवानी गर्न प्रयोग गरेमा ढुवानी अनुदान रकम भुक्तानी गरिनेछैन ।साथै

अनुदानको रासायनिक मलको परल मूल्य कार्यालयले भुक्तानी गरेको वा व्यहोरेको ढुवानी अनुदान रकम जोडेर निर्धारण गर्न पाईने छैन ।

## परिच्छेद- ५
## विविध

**६. अनुगमन तथा निरीक्षणः**

कार्यक्रम अनुगमन तथा निरीक्षणः कार्यक्रम अनुगमन तथा मुल्यांकन गर्नको लागी यस नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक अनुगमन तथा निरीक्षण समिति रहनेछः

| | |
|---|---|
| १. नगर उप-प्रमुख | संयोजक |
| २. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ३. लेखा शाखा प्रमुख | सदस्य |
| ४. सहकारी शाखा प्रमुख | सदस्य |
| ५. कृषि शाखाको शाखा प्रमुख | सदस्य |
| ६. नजिकको कृषि सामाग्री कम्पनी लिमिटेड प्रमुख वा प्रतिनिधि | सदस्य |

(क) अनुगमन तथा निरीक्षण समितिले विक्रेताहरुबाट रासायनिक मल ढुवानी अनुदान रकम तोकिएको शर्तहरु बमोजिम खर्च गरेको/नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए/नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(ग) खण्ड (ख) मा तोकिएको शर्त बमोजिम अनुदान रकमबाट कार्य नभएको पाईएमा ढुवानी अनुदान रकम रोक्काको लागि सम्बन्धित निकायलाई सिफारिस गरिनेछ ।

(घ) अनुदान रकमको सदुपयोग गर्ने जिम्मेवारी सम्बन्धित कृषि सहकारी संस्था लि. स्वंयमको हुनेछ ।

(ङ) ढुवानी अनुदान खर्च रकमको प्रगति प्रतिवेदन रुपमा सम्बन्धित शाखाले पेश गर्नुपर्नेछ ।

**७. संशोधन तथा परिमार्जनः**

पाखीबास नगरपालिकाको रासायनिक मल ढुवानी अनुदान सम्बन्धी कार्यविधि, २०८२ लाई थप प्रभाकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिका वा नगरसभाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

**८. कानुन बमोजिम कारवाही हुनेः** यस कार्यविधि विपरित अनुदानको मलको ढुवानी गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**९. बचाउ तथा खारेजीः**

यस कार्यविधिको कुनै बुदाँ, अंश, वाक्य वा शब्द प्रदेश र संघीय कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य भई खारेजी हुनेछ ।